

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख ३ गते आइतबार ❑ 16 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## बूढीगण्डकी आयोजनाको निर्माण अघि बढ्छ : उपप्रधानमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
गोरखा, २ बैशाख

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले गोरखा र धादिङको सिमानामा पर्ने बूढीगण्डकी जलाशययुक्त आयोजना आगामी आर्थिक वर्षदेखि निर्माण सुरु हुने बताउनुभएको छ ।

गोरखाको पालुङटार नगरपालिकामा महटार युवा क्लबको आयोजनामा आजदेखि सुरु भएको फुटबल प्रतियोगिताको उद्घाटनमा सम्बोधन गर्नुहुँदै उहाँले आगामी आर्थिक वर्षदेखि देशको आर्थिक तथा सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्न सक्ने राष्ट्रिय गौरवको बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणको थालनी गरिने बताउनु भएको हो ।

"गोरखा जिल्लाका लागि मात्र होइन, राष्ट्रका निम्ति अत्यन्त ठूलो योगदान पुऱ्याउने बूढीगण्डकी परियोजनालाई अर्को वर्षदेखि निर्माण अघि बढाइएको छ", उहाँले भन्नुभयो, "बेनीघाट आरुघाट रुइला भञ्ज्याङ सडक निर्माण गरी चीनसँगको नाका खोल्नका लागि समेत सरकारले प्रस्ताव गरिरहेको छ ।" उपप्रधानमन्त्री श्रेष्ठले वर्तमान सरकार जनताले अनुभूति गर्ने गरी विकास निर्माणका कामअघि बढाउन प्रतिबद्ध रहेकोसमेत बताउनुभयो । "अहिले प्राप्त राजनीतिक परिवर्तनलाई जोगाउने, यो परिवर्तनलाई माध्यम र साधन बनाएर नेपाललाई विकसित र सम्बृद्ध देश बनाउँदै जनताले परिवर्तनको अनुभूति गर्ने गरी काम गर्ने अहिलेको सरकारको अभिभारा हो भन्नेमा सरकार स्पस्ट छ", उहाँले भन्नुभयो । राजनीतिक परिवर्तनलाई जोगाउँदै सम्बृद्ध नेपाल बनाउनु अहिलेको सरकारको उद्देश्य रहेको उहाँको भनाइ छ । लामो सङ्घर्षपछि ठूलो बलिदानीका साथ युगान्तकारी राजनीतिक परिवर्तन भएको भन्दै उपप्रधानमन्त्री श्रेष्ठले संविधानको पूर्ण कार्यान्वयनका लागि आर्थिक र सामाजिक परिवर्तनमा तीव्रता दिनु आवश्यक रहेको औँल्याउनुभयो ।

"सबै जनताले परिवर्तनको प्रतिफल प्राप्त गर्नसक्ने र अनुभूति गर्ने गरी देशलाई विकास र सम्बृद्धिको दिशामा लैजानुपर्छ", उहाँले भन्नुभयो, "देश बनाउने र विकास सम्बृद्धिको प्रतिफल आम जनताले उपयोग गर्न पाउने गरी काम गर्नुपर्छ भन्नेमा सरकार स्पष्ट छ ।"

## लोकतन्त्र प्राप्तिमा काँग्रेसको भूमिका महत्वपूर्ण छ- उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
तनहुँ, २ बैशाख

नेपाली काँग्रेसका उपसभापति धनराज गुरुङले लोकतन्त्र प्राप्तिका लागि राणाकालदेखि लड्दै आएको काँग्रेसले उपनिर्वाचनमा हार्न नहुँने बताउनुभएको छ ।

तनहुँ लोकतन्त्र सर्म्वद्धन तथा विकास समाजद्धारा शनिवार आयोजित तनहुँको समग्र विकास र आसन्न उपनिर्वाचनका बारेमा आयोजित कार्यक्रममा गुरुङले उक्त कुरा बताउनभुएको हो । 'तनहुँ निर्वाचन क्षेत्रबाट निर्वाचित व्यक्तित्वको राष्ट्रपति बनायौ, अव तनुहँ निर्वाचन क्षेत्र नं १ बाट उठ्ने काँग्रेस उम्मेदवा गोविन्द भट्टराईलाई निर्वाचित गर्नु तनहुँ बासीको दायित्व हो, नेता गुरुङले भन्नुभयो-उपनिर्वाचन हुन अब धेरै दिन छैन, उहाँका सम्पूर्ण कार्यकर्ता जनताको घरघरमा गएर चुनाव प्रचारप्रसार गर्न जरुरी छ ।' नेपाली काँग्रेसले जहानिया राणा शासन फाल्नेदेखि लोकतान्त्रिक संविधान निर्माण र लोकतन्त्रको रक्षा गर्ने काम गरेको बताउँदै उहाँले काँग्रेसकै पालामा संचारको विकासदेखि सडक, अस्पताल, विद्यालय, विद्युत लगायतको क्षेत्रमा विकास भयो । नेपाली काँग्रेसका नेता मिलेन्द्र रिजालले वि.स. २००७ सालदेखि लोकतन्त्रको पक्षमा लड्दै आएको पार्टी नेपाली काँग्रेसले अव समृद्धिको वाटोलाई अगाडि वढाउने बताउँदै काँग्रेस सरकारमा रहदा देशमा धेरै उपलब्धि भएको दावी गर्नुभयो । साथै उहाँले लोकतन्त्रका लागि लामो समयदेखि लड्दै आउनुभएका तनहुँका उम्मेदवार गोविन्द भट्टराईलाई जिताएर पठाउन उहाँले आग्रह गर्नुभयो । काँग्रेस नेता डिना उपाध्यायले हरेक कार्यकता जनताको घरम पुगेर काँग्रेसले गरेका कामहरु सुनाउँदै गोविन्द भट्टराईको पक्षमा भोट माग्न आग्रह गर्नुभयो । काँग्रेसको उर्भर भूमि तनहँ १ बाट काँग्रेसले उपनिर्वाचन जित्नै पर्छ उहाँले भन्नुभयो । नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले प्रजातन्त्रमाथि विश्वास राख्ने पार्टी काँग्रेसले तनहुँमा निर्वाचन हार्न नहुने बताउँदै हामीभित्र रहेका कमिकमोजोरीलाई विर्सेर निर्वाचनमा एक ढिक्का भएर अगाडि वढ्नुपर्नेमा जोड दिनुभयो । शर्माले सधै जनताको पक्षमा लड्ने काँग्रेस पार्टीका कार्यकर्ता तितरवितर हुन नहुने बताउँदै काँग्रेस जस्तो लोकतान्त्रिक पार्टी अरु कुनै हुन नसक्ने बताउनुभयो । उक्त अन्तरक्रिया कार्यक्रमकोसभापतित्वगर्नुभएका राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष जगदीश चन्द्र पोखरेलले तनहुँको समग्र विकासका बारेमा आधारपत्र प्रस्तुत गर्नुभएको थियो ।

## गोरखाको पालुङटारलाई औँद्योगिक क्षेत्रको रूपमा विकास गरिने

**पोखरापत्र संवाददाता**
गोरखा, २ बैशाख

गोरखाको पालुङटार नगरपालिकालाई औद्योगिक क्षेत्रको रूपमा विकास गरिने भएको छ ।

पालुङटार नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को आर्थिक नीति, कार्यक्रम तथा बजेट साथै भू-वर्गीकरण कार्यक्रम तर्जुमाको विषयमा शनिबार काठमाडौँमा आयोजितकार्यक्रममाकेन्द्ररप्रदेश सरकारकोसहकार्यमापालुङटारको अवण्डादेखिबगरसम्मकोक्षेत्रलाई विशेष औद्योगिक क्षेत्रको रूपमा विकासका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने बताइएको हो । कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतकहितराजपाण्डेलेजनताको चाहना र आवश्यकतालाई समावेश गरेर आगामी आवको बजेट तर्जुमा गर्नुपर्ने बताउनुभयो । उहाँले पालुङटारमा सञ्चालन गरिने ठूला विकासका आयोजनालाई केन्द्रीय सरकारको सहयोग हुने बताउनुभयो । गण्डकी प्रदेशका सभामुख कृष्ण धितालले उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गर्न आग्रह गर्नुभयो । नेपाली कांग्रेसका नेता एवम् गण्डकी प्रदेशका सांसद सुरेन्द्रराज पाण्डेले पालुङटार नगरपालिकाभित्र रहेका प्रमुख पर्यटकीय गन्तव्यको पहिचान गरी पर्यटनको विकास गर्नुपर्ने बताउनुभयो । उहाँले नगरपालिकाभित्र भूवर्गीकरण वैज्ञानिक ढङ्गले गर्नुपर्नेमा जोड दिनुभयो । विपद् व्यवस्थापन विज्ञ डा कृष्णचन्द्र देवकोटाले पालुङटारभित्रको भू-वर्गीकरण गर्दाविपद्कोबाटोलाईप्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । पालुङटार नगरपालिकाका प्रमुख विवश चिन्तन, उपप्रमुख बन्दना पाण्डेले नगरपालिकाले निश्चित समयमा नीति तथा कार्यक्रम निर्माण गर्ने, बजेट बनाउने र कार्यान्वयन गर्ने बताउनुभयो । उहाँहरूले पालुङटारको विकासमा केन्द्र र प्रदेश सरकारको सहयोग आवश्यक रहेको बताउनुभएको थियो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारीले चालु आवमा पालुङटार नगरपालिकाले ८० प्रतिशतभन्दा बढी वजेट खर्च गरिसकेको बताउनुभयो ।

## पोखराका होटलमा ९० प्रतिशत पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

नयाँ वर्ष २०८० को आगमनसँगै पोखराका होटल क्षमताको ९० प्रतिशत बढी भरिएका छन् ।

कोरोनाका कारण लामो समयसम्म प्रभावित यहाँको पर्यटन गत माघ १ गते भएको यती एयरलायन्सको विमान दुर्घटनापछि झनै सुस्ताएकामा नयाँ वर्षको आगमनले उत्साह थपेको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अन्नपूर्णमा आरोहण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

अन्नपूर्ण प्रथम हिमालमा चालु वर्षको वसन्त यामको आरोहण सुरु भएको छ ।

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ । सेभेट समिट ट्रेकका पासाङ नुर्वु शेर्पाको टोलीले शनिबार दिउँसो ११:३५ मा अन्नपूर्णको सफल आरोहण गरेको हो । सेभेन

बाँकी अन्तिम पृष्ठमा ▶▶




**यौन हिंसाबाट बचौं र बचाऔं ।**

◆यौनजन्य हिंसा सामाजिक अपराध हो ।

◆यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ ।

◆अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं ।

◆ उनीहरुको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ ।

◆त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं ।

◆बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८०


# भारतका प्रमुख सहरमा पर्यटन प्रवर्द्धन

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशको आयोजना एवं पोखरा महानगरपालिकाको सहयोगमा आइतबारदेखि वैशाख ८ गतेसम्म भारतका प्रमुख सहरमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम हुनेभएको छ।

कोभिड- १९ को प्रभाव एवं अन्य विभिन्न घटनाक्रमले पोखराको पर्यटन सुस्ताइरहेको अवस्थामा पोखरा र नेपालको लागि महत्वपूर्ण पर्यटन स्रोत बजार भारतको पटना, बाराणासी, अयोध्या र गोरखपुर लगायतका सहरमा प्रवर्द्धनात्मक कार्यक्रम गर्न लागिएको आज आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो । 'पोखरा-नेपाल पर्यटन प्रवर्द्धन अभियान तथा बिरबी भेट २०२३' नामक कार्यक्रममा पोखराका पर्यटनसम्बद्ध सङ्घ संस्थाका प्रतिनिधि एवं सञ्चारकर्मी सहभागी बन्ने नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले जानकारी दिनुभयो।

"कार्यक्रमका कार्यक्रममा टोलीले पटना, बाराणासी, अयोध्या र गोरखपुरमा त्यहाँस्थित पर्यटन सम्बद्ध सरकारी, निजी संस्थाका प्रतिनिधि, ट्राभल्स टुर्स अपरेटर र पत्रकारलाई आमन्त्रण गरी पोखरा र गण्डकी प्रदेशका पर्यटकीय गतिविधि समेटिएको श्रव्यदृश्य र त्यसको बारेमा जानकारी दिने प्रबर्द्धनात्मक सामग्री वितरण गरिने छ", उहाँले भन्नुभयो, "त्यहाँस्थित आम नागरिकलाई पोखरा र नेपाल भ्रमण गर्न सुरक्षित र उपयुक्त रहेको भन्दै भ्रमणका लागि अनुरोध गर्ने हाम्रो योजना छ।"

कार्यक्रममा पोखरा र गण्डकी प्रदेश पर्यटकका लागि सबै मौसममा भ्रमण गर्न उपयुक्त गन्तव्य हो भन्ने जानकारी दिइने महासचिव सङ्गीता पौडेलले जानकारी दिनुभयो।

"पोखरा धार्मिक साहसिक, सांस्कृतिक र मनोरञ्जनका लागि महत्वपूर्ण सहर हो भन्ने जानकार ीसँगै यो नेपालको पर्यटकीय राजधानी भन्ने सन्देश दिनेछौँ", उहाँले भन्नुभयो, "पोखरा अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालनसँगै अन्तर्राष्ट्रिय उडानका लागि भारतीय पर्यटन व्यवसायीलाई प्रोत्साहित गर्नेछौँ ।" उक्त अवसरमा विश्वमै धार्मिक महत्व बोकेका शालिग्राम पाइने क्षेत्र हो भनि जानकारीसमेत गराइने कायक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशका प्रथम उपाध्यक्ष किशोर दाहालले बताउनुभयो । भारतबाट आउने पर्यटकलाई सीमा क्षेत्रमा हुने बाधा व्यवधानका बारेमा जानकारी लिइने र सडक मार्गबाट सहज रुपमा यहाँको भ्रमण गर्न सकिने सन्देश प्रवाह गर्ने उहाँले बताउनुभयो। पोखरादेखि नेपालका भारतीय सीमावर्ती सहरमा हवाई सेवा सुरुवात भएको जानकार ीसँगै यहाँबाट छोटो दूरीमा नै विश्वकै आठ हजार मिटर भन्दा बढी उचाइका हिम श्रृखलाको अवलोकन गर्न सकिनेसमेत जानकारी गराउने कार्यक्रमको लक्ष्य छ।

कार्यक्रमले पोखरा, गण्डकी प्रदेशलगायत नेपालकै पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो।

पोखराको पर्यटकीय विकासका लागि पर्यटनसम्बद्ध सङ्घ संस्थासँग सहकार्य एवं सहयोगका लागि महानगरपालिका तयार रहेको उहाँले बताउनुभयो । नयाँ वर्षका अवसर्यामा भारतीयलगायत विदेशी पर्यटक पोखरा आएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । भारतका प्रमुख सहरमा गर्न लागिएको यो कार्यक्रम फलदायी बन्ने उहाँको भनाइ छ।

# संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकाले निकास खोज्दैछ: कानूनमन्त्री गाहामगर

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख




गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता रोशन बहादुर गाहामगरले संवैधानिक व्यवस्थानुसार प्रदेश सरकारले निकासको बाटो खोजेको बताएका छन्।

अनलाइन पत्रकार संघ गण्डकीद्वारा पोखरामा आयोजित 'तीन दिने अनलाइन पत्रकारिता तालिम' लाई सम्बोधन गर्दै मन्त्री गाहा मगरले अस्थिर राजनीतिका कारण प्रदेश सरकारले संविधानमा व्यवस्था भएअनुसार निकासको बाटो रोजेको बताएका हुन् । मन्त्री गाहामगरले विश्वासको मत लिने विषयमा अन्य दलसँगको छलफलपछि मात्रै थाहा हुने बताए। 'प्रदेश सरकारले संवैधानिक व्यवस्थाले जे अधिकार दिएको छ। त्यही अनुरुप सरकारले आफ्नो निकास खोज्दैछ, उनले भने, 'अन्य राजनीतिक दलहरुसँग पनि परामर्श हुँदैछ । विश्वासको मत लिने कुरामा अन्य दलसँग छलफल गरेर कति संभावना रहन्छ । त्यही अनुसार अघि बढ्छौ । अन्यथा संवैधानिक व्यवस्था अनुसार अरु दलले सरकार सञ्चालनको जिम्मा प्राप्त गर्छ।' मिडिया सम्बन्धी समस्यामा जानकार रहेको तर काम गर्न नपाइ सरकारबाट बाहिर पर्ने अवस्था आएको बताए । उनले बधाइ र विदाइ संगसंगै जस्तो हुन लागेको बताए। मन्त्री थापाले हुने खानेको मात्र समाचार नआइ जहाँ विकट छ त्यहाँ पत्रकारको आँखा जानुपर्ने बताए।

नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य सरिता तिमिल्सिनाले पछिल्लो समयमा अनलाइन पत्रकारीताको महात्व बढेको बताइन । नेपाल पत्रकार महासंघ गण्डकीकामहासचिव गोविन्द सुबेदीले गण्डकी प्रदेश सरकारले प्रदेश सभामा लगेको विद्यक पत्रकार अनुकुल नभएको बताए। अन्य विधामा रहेका पत्रकार पनि अनलाइनमा आनुपर्ने उनको भनाइ छ। नेपाल पत्रकार महासंघ कास्की शाखा उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले कोभिड १९ पछीको समयमा नेपालमा अनलाइन पत्रकारिताको महत्व बढेको बताए । प्रशिक्षक केशव शरण लामिछानेले पत्रकार अनलाइनमा जान नसेको पत्रकारीता नै नरहने बताए। प्रशिक्षक भरत कोइरालाले अहिले मिडिया संक्रमण कालिन अवस्थामा रहेको जानकारी दिदै प्रदेश सरकारले मिडिया सम्बन्धी कानुन बनाउन ढिलो गरेको धारणा राखे । अनलाइन पत्रकार संघ गण्डकीका अध्यक्ष गणेश बरालले आगामी दिनमा पनि यस्ता तालिम संचालन गर्दै जाने बताए । अनलाइन पत्रकार संघ गण्डकीका उपाध्यक्ष सन्तोष बस्यालले मिडियालाई स्तरीय बनाउन तालिमको आयोजना गरेको बताए। शनिवार भरत कोइरलाले कन्टेन्ट राइटिङ र केशव शरण लामिछानेले डिजिटल जर्नालिजमको विषयमा प्रशिक्षण गराएका छन्।

आइतबार दिपक अधिकारी तथ्यजाँच सम्बन्धी प्रशिक्षण गराउने छन् । सोमबार प्रेस काउन्सिलका अधिकृत रामशरण बोहराले पत्रकार आचार संहिता सम्बन्धी प्रशिक्षण गराउने छन् । तालिममा ४० भन्दा बढि पत्रकार सहभागी भएका छन्।

# लोकतान्त्रिक पद्दतिले मात्रै परिवर्तन हुन्छ : डा रिजाल



**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता डा मिनेन्द्र रिजालले लोकतान्त्रिक पद्दतिले मात्रै परिवर्तन सम्भव रहेको बताउनुभएको छ।

तनहुँ लोकतन्त्र सम्बर्द्धन तथा विकास समाजद्वारा दमौलीमा आज आयोजित तनहुँको समुन्नत विकास र आसन्न उपनिर्वाचन विषयक अन्तरक्रियामा उहाँले लोकतान्त्रिक व्यवस्थाले मात्रै स्वतन्त्रता कायम गरेकाले परिवर्तन हुने बताउनुभयो।

"लोकतन्त्रले हरेक मुद्दामा प्रतिस्र्धात्मक तवरबाट अगाडि बढ्ने वातावरण कायम गरेको छ, हरेक कुराको अभिव्यक्ति दिएर जनताको अधिकार पूरा गर्नसक्ने व्यवस्था निर्माण पनि लोकतन्त्रले नै गरेको हो", उहाँले भन्नुभयो। राष्ट्र निर्माणमा कसैले पनि रोक लगाउन नसक्ने उहाँको भनाइ छ । लोकतन्त्र र संविधानको संरक्षण गर्नुपर्ने जिम्मेवारी भएको उहाँले बताउनुभयो।

ल ा े क त ा ि न्त्र क विचारधाराले एकता कायम भएका सत्ता साझेदार पार्टीका तर्फबाट तनहुँ क्षेत्र नं १ प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा लोकतान्त्रिक वामगठबन्धनका उम्मेदवारलाई मतदान गर्न समेत डा रिजालले अपिल गर्नुभयो । हिँडेर यात्रा गर्नुपर्ने तनहुँको सदरमुकाम आवतजावतमा अहिले हरेक समय समयमा सवारीसाधन चल्ने गरी विकास भएको उहाँले दाबी गर्नुभयो । तनहुँको विकास कांग्रेसको नेतृत्वमा नै ग्रामीण क्षेत्रका जनताले सहजता कायम भएको उहाँले बताउनुभयो।

## अन्नपूर्णमा..

समिट ट्रेकका प्रबन्धक थानेश्वर गुरागाईंले तीन जना नेपाली, एक जना पाकिस्तानी र एक जना अस्ट्रेलियन अन्नपूर्णको चुचुरोमा पुगेको जानकारी दिनुभयो । नुर्बुको टोलीले बनाएको बाटो प्रयोग गरेर अन्य आरोहीहरुको टोली पनि अन्नपूर्णको चुचुरोमा पुग्ने क्रममा छन्।

यसवर्ष अन्नपूर्ण हिमाल आरोहणका लागि पर्यटन विभागबाट पाँच वटा समूहका ४५ जनाले अनुमति लिएका छन् । अन्नपूर्ण हिमाल संसारको दशौँ अग्लो हिमाल हो । अन्नपूर्ण आरोहणका लागि विभिन्न कम्पनीबाट पुगेका आरोही र पर्यटकको आधार शिविरमा चहलपहल छ। इलाइट ट्रेकिङ कम्पनीमार्फत कतारकी राजकुमारी आश्मा अल्थानी अन्नपूर्ण प्रथम हिमाल आरोहणका लागि गत फागुन २३ गते म्याग्दीमा आउनुभएको थियो । आल्थानीको आरोहण टोलीको नेतृत्व कीर्तिमानी आरोही निर्मल पुर्जाले गर्नुभएको छ । विसं १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण पहिलो पटक आरोहण गर्नुभएको थियो । मौरिसले अन्नपूर्ण चढेको तीन वर्षपछि १९५३ मा सर एडमण्ड हिलारी र तेन्जिन नोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नुभएको थियो।

## पोखराका...

सुवेदीले जानकारी दिनुभयो।

पोखरा र आसपास गरी यहाँ ठूला-साना गरी लगभग एक हजार दुई सय होटल सञ्चालनमा छन् । उहाँले नयाँ वर्षको आगमनसँगै देखिएको पर्यटकको चापले आफूहरूलाई उत्साहित बनाएको उहाँले बताउनुभयो।

"नयाँ वर्षका कारण यतिखेर लेकसाइडका होटल लगभग शतप्रतिशत भरिएका छन्", उहाँले भन्नुभयो, "लेकसाइडमात्र नभई पोखरा र आसपासका होटलसमेतको अक्युपेन्सी हेर्दा ९० प्रतिशतभन्दा बढी देखिन्छ ।" नयाँ वर्षको अघिल्लो दिन चैत ३० गते र वैशाख १ गते लेकसाइड क्षेत्रमा पर्यटकको चापका कारण कोठा पाउन मुस्किल भएको होटल एसियाका सञ्चालक धर्मराज पन्थीले जानकारी दिनुभयो । नयाँ वर्षको आगमनलाई लक्षित गरी आयोजित फेवा नववर्ष महोत्सवका कारण पनि आन्तरिक पर्यटकको चहलपहल बर्सेनि बढ्दै गएको पर्यटन व्यवसायी बताउँछन्।

# घोडाबाँधेमा फहराइए एक सय १८ देशका झण्डा

**पोखरापत्र संवाददाता**
ढोरपाटन, २ बैशाख

बागलुङको घोडाबाँधे भ्युटारमा एक सय ९८ देशका झण्डा फहराइएको छ । भ्युटावरलाई विश्व सांस्कृतिक ग्रामका रुपमा विकास गर्न यहाँ झण्डा फहराएर सुरुआत गरिएको हो।

ि ज ल् ल ा क ा े काठेखोला गाउँपालिका र गलकोट नगरपालिकाको सङ्गमस्थलमा पर्ने भ्युटार क्षेत्र उच्च पहाडी क्षेत्रमा पर्छ । यहाँबाट उच्च पहाडसँगै दजर्नौं हिमशृङ्खला देखिने र विदेशी पर्यटकको रोजाइमापर्ने भएको हुँदा भ्युटावरलाई प्रवर्द्धन गर्न थालिएको पर्यटन अभियन्ता कृष्ण केसीले बताउनुभयो।

उहाँले नयाँ वर्षको अवसरमा ग्लोबल कल्चर भिलेज नेपालले प्रचारप्रसारका लागि झण्डा फहराएर सुरुआत गरेको बताउनुभयो। धौलागिरि-ढोरपाटन वृहत परियोजना तयार गरेर यहाँको विकास गरिने केसीको भनाइ छ । यस परियोजनाअन्तरगत धौलागिरि, निलगिरि, ढोरपाटन र कालीगण्डकीको प्रवर्द्धन गरने केसी बताउनुहुन्छ। घोडाबाँधेमा संसारकै ठूलो घोडाको मूर्तिसमेत निर्माण गरिने उहाँको भनाइ छ। केसी भन्नुहुन्छ, "घोडाबाँधे क्षेत्र यस्तो ठाउँ हो, जन नेपालमा बिरलै छन्, पर्यटकीय हिसाबले प्रचुर सम्भावना भए पनि प्रचारप्रसार र भौतिक पूर्वाधार निर्माण नहुँदा ओझेलमा परेको छ, यसको प्रचारलाई व्यापक बनाउन हामीहरूले एक सय ९८ देशका झण्डा फरफराएका छौँ, अब स्थानीय तह, प्रदेश र केन्द्र सरकारसँग सहकार्य गरेर यसको विकास गर्ने योजना बनाएका छौँ ।" केसीले भ्युटार क्षेत्रलाई 'वल्ड कल्चर भेलेज'का रुपमा विकास गर्ने बताउनुभयो। उहाँले विश्वका कला, संस्कृतिलाई यहाँ संरक्षित गरी आन्तरिक तथा बाह्य पर्यटक बनाउने योजना बनाएको सुनाउनुभयो । गण्डकी प्रदेशसभा सदस्य कुसुम बुढा मगरले स्थानीय भूगोल, सम्पदा, संस्कृतिको पहिचान र चिनारीबाट पर्यटन प्रवर्द्धन गर्न स्थानीय जनसमुदाय जागरुक हुन आवश्यक रहेको बताउनुभयो । जिल्लामा अनगिन्ती पर्यटकीय क्षेत्र रहेको र ती क्षेत्र प्रचारप्रसारका कारण पछाडि परेको बताउनुभयो । भ्युटावरको प्रचारप्रसारका लागि गलकोट नगरपालिकाका, जैमिनी नगरपालिकाकाबागलुङनगरपालिका, काठेखोला गाउँपालिका र बरेङ गाउँपालिकाले पनि चासो दिएका छन्।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा**

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही **मिति बैशाख २ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :

| | |
|---|---|
| पाइल्स | :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि । |
| फिस्टुला | :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने |
| फिसर | :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने |
| ग्याष्ट्रिक | :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने |
| अन्य रोगहरु | :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि |

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# पोखराको प्रचार अभियान

पोखरा सबै सिजनमा पर्यटकको लागि उपयुक्त गन्तव्य बन्न पुगेको छापोखराका पर्यटन व्यवसायीहरूले पोखराको प्रचार छिमेकी देश भारत र चीनमा पर्याप्त गरेका छैनन् । नेपालमा खुला सिमा भएको हुँदा भारतीय पर्यटकलाई ल्याउन प्रचारमा जोड दिनुपर्छ । नेपालसंग सिमा जोडिएका विहार, उत्तर प्रदेश, उत्तराखण्ड र पश्चिम बंगालमा प्रचारका काम कम छाधेरै जनसंख्या भएका शहरमा पोखराको प्राकृतिक सुन्दरता र पर्यटकीय स्थलको प्रचार हुन सकेमा पर्यटकको रोजाइ बन्न सक्छानाट्टा गण्डकी च्याप्टरले पोखरा महानगरपालिकाको सहकार्यमा पोखराको बारेमा प्रचारको कार्यक्रम चलाउने भएको छ। विगतमा जाऊँ है पोखरा, चलिए पोखरा जस्ता अभियान संचालन भएका थिए।

ती अभियान नियमित हुन सकेमा पोखरा आउने भारतीय पाहुना बढ्नेछ। ट्राभल एजेन्सी, होटल व्यवसायी लगायतको टोली आइतबार त्यसतर्फ प्रस्थान गर्ने छ । विहारको राजधानी, पटना, उत्तरप्रदेको राजधानी लखनउ, अयोध्या, वाराणासी र गोरखपुरमा प्रचार कार्यक्रम गरिने भएको छा टोलीले ती सहरस्थित पर्यटन सम्बद्ध सरकारी, निजी संस्थाका प्रतिनिधि, ट्राभल तथा टुर अपट्राभल एजेन्सी, होटल व्यवसायी लगायतको टोली आइतबार त्यसतर्फ प्रस्थान गर्ने छ । टोलीले ती सहरस्थित पर्यटन सम्बद्ध सरकारी, निजी संस्थाका प्रतिनिधि, ट्राभल तथा टुर अपरेटर, सञ्चारकर्मीसँग भेटघाट गर्ने छ।

अभियानबारे जानकारी दिन शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारीले पोखरा र समग्र गण्डकी प्रदेशको प्रवर्द्धन गर्ने बताए। उनका अनुसार भारतीय सहरमा हुने कार्यक्रममा पोखरा र गण्डकी प्रदेशका पर्यटकीय गतिविधि समावेश गरिएको श्रव्य-दृश्य सामग्री प्रस्तुत गरिने छ। प्रवर्द्धनात्मक सामग्री वितरण गरेर त्यहाँका नागरिकलाई पोखरा र नेपाल भ्रमण गर्न निम्ता दिइने छ। 'पछिल्लो समय पोखरा आउने बाटो र हवाई उडानका सम्बन्धमा नकारात्मक सन्देश फैलिरहेका छन्,' उनले भने, 'नेपालमा विकास निर्माणले गति लिइरहेको अवस्थामा भारतीय पर्यटकका लागि पोखरा हरेक मौसममा उपयुक्त छ भन्ने सन्देश बोकेर जाँदै छौं ।' अयोध्यामा रामको मूर्ति बनाउन लगिएको शालीग्रामको उत्पत्तिस्थल गण्डकी प्रदेशकै कालीगण्डकी रहेको प्रचारप्रसार गर्दै धार्मिक पर्यटक आकर्षित गर्ने योजना रहेको उनले सुनाए।

पोखरा महानगर प्रमुख धनराज आचार्यले भारतीय पर्यटकलाई पोखरा सुरक्षित सहर रहेको सन्देश दिन जरुरी रहेको बताए । 'पोखरालाई सुरक्षित बनाउन चोकचोकमा सीसीटीभी क्यामेरा जडान गरिएको छ,' उनले भने, 'चौबीसै घण्टा पर्यटकले सुरक्षित वातावरणमा रमाउन सक्छन् ।' पोखरा वरपरका गन्तव्यसम्म पुऱ्याएर पर्यटकको बसाइँ लम्ब्याउनेतर्फ व्यवसायीले ध्यान पुऱ्याउनुपर्ने उनको भनाइ थियो । साढे १२ करोड जनसंख्या भएको विहार र २३ करोड जनसंख्या भएको उत्तर प्रदेशबाट पर्यटक नेपाल भित्र्याउन प्रवर्द्धन अभियानले सहयोग पुग्ने विश्वास लिइएको छा पोखरा धार्मिक, साहसिक, सांस्कृतिक र मनोरञ्जनका लागि महत्त्वपूर्ण रहेको सन्देश भारतीय बजारमा दिन सके ठूलो उपलब्धि हुन सक्छ। प्रवर्द्धनात्मक कार्यक्रमले पोखरा, गण्डकी प्रदेशलगायत नेपालकै पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने नै छ। सोमबार पटना, मंगलबार वाराणासी, बुधबार अयोध्या र शुक्रबार गोरखपुरमा प्रवर्द्धनात्मक कार्यक्रम हुने छ ।रेटर, सञ्चारकर्मीसँग भेटघाट गर्ने छ।

अभियानले पोखरा र समग्र गण्डकी प्रदेशको प्रवर्द्धन गर्ने नाट्टाको दावी छ। भारतीय सहरमा हुने कार्यक्रममा पोखरा र गण्डकी प्रदेशका पर्यटकीय गतिविधि समावेश गरिएको श्रव्य-दृश्य सामग्री प्रस्तुत गरिने छ। प्रवर्द्धनात्मक सामग्री वितरण गरेर त्यहाँका नागरिकलाई पोखरा र नेपाल भ्रमण गर्न निम्ता दिइने छ। 'पछिल्लो समय पोखरा आउने बाटो र हवाई उडानका सम्बन्धमा नकारात्मक सन्देश फैलिरहेका छन्।'नेपालमा विकास निर्माणले गति लिइरहेको अवस्थामा भारतीय पर्यटकका लागि पोखरा हरेक मौसममा उपयुक्त छ भन्ने सन्देश बोकेर जाँदा सकारात्मक प्रभाव पर्छ।भारतको अयोध्यामा रामको मूर्ति बनाउन लगिएको शालीग्रामको उत्पत्तिस्थल गण्डकी प्रदेशकै कालीगण्डकी रहेको प्रचारप्रसार गर्दै धार्मिक पर्यटक आकर्षित गर्ने योजना नाट्टाको छ । पोखरालाई सुरक्षित बनाउन चोकचोकमा सीसीटीभी क्यामेरा जडान गरिएको र चौबीसै घण्टा पर्यटकले सुरक्षित वातावरणमा रमाउन सक्ने महानगरपालिकाले विश्वास लिएको छ।

पोखरा वरपरका गन्तव्यसम्म पर्यटकलाई पुऱ्याएर बसाइँ लम्ब्याउनेतर्फ व्यवसायीले ध्यान पुऱ्याउनुपर्नेछ । साढे १२ करोड जनसंख्या भएको विहार र २३ करोड जनसंख्या भएको उत्तर प्रदेशबाट पर्यटक नेपाल भित्र्याउन प्रवर्द्धन अभियानले सहयोग नै गर्छ। पोखरा धार्मिक, साहसिक, सांस्कृतिक र मनोरञ्जनका लागि महत्वपूर्ण रहेको सन्देश भारतीय बजारमा दिन सके धेरै प्रभाव पार्छ । यस्ता प्रवर्द्धनात्मक कार्यक्रमले पोखरा, गण्डकी प्रदेशलगायत नेपालकै पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्नेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सम्मान मिल्नेछ | तुला | शत्रुको भय |
| वृष | अप्रत्यसित लाभ | वृश्चिक | झमेला बढ्ने |
| मिथुन | आर्थिक समस्या | धनु | कार्यमा सफलता |
| कर्कट | मानसिक तनाब | मकर | मन चञ्चल |
| सिंह | शारीरिक झमेला | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | ब्यापारमा लाभ | मीन | सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# धमाधम पुल बन्दै

**पोखरापत्र संवाददाता**
बागलुङ, २ बैशाख

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरको बागलुङ जैमिनीअन्तर्गत जैदी-छिस्ती खण्डमा निर्माण थालिएको चौडीखोला पक्की पुल निर्माणले गति लिएको छ।

विसं २०७७ असार २१ गते सम्झौता गरी काम थालेको निर्माण व्यवासायी कम्पनी राजेश्वरी कन्स्ट्रक्सनले पछिल्लो समय कामलाई तीव्रता दिएको हो। विसं २०८० असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि चौडीखोलामा रहेको बेली ब्रिज नेपाली सेनाले नहटाउँदा काम ढिलो सुरु भएको थियो । निर्माण कम्पनीले सम्झौता गरेको करिब एक वर्षपछि मात्र काम थालेको सुपरभाइजर केशव सुवेदीले बताउनुभयो । अहिले ११ मिटर चौडाइ र ३५ मिटर लम्बाइ रहेको पुल ढलान गर्ने तयारी गरिएको छ । हालसम्म चौडीखोलामा ग्याबिन भर्नेलगायत करिब ४० प्रतिशत काम सम्पन्न भएको निर्माण कम्पनीले जनाएको छ । पुल रु तीन करोड ८० लाख ५४ हजार लागतमा निर्माण थालिएको हो । पुल निर्माण थालिएसँगै नेपाल, भारत र चीन जोड्ने रेशमी मार्गको रुपमा रहेको कालीगण्डकी करिडोरमा यात्रा गर्न सहज हुनेछ । कालीगण्डकी करिडोर जैमिनी खण्डमा पर्ने पालुङखोला, लौवाखोला र जैमिनी घाटमा पुल निर्माणको लागि प्रक्रिया अघि बढाउने तयारी थालिएको छ । पुल समयमै निर्माण नहुँदा जैमिनी नगरपालिका-७ र ८ का स्थानीयसहित कोरिडोरमा यात्रा गर्ने यात्रुले सास्ती भोग्नुपरेको उपप्रमुख हरिहर शर्माले बताउनुभयो।

# बृद्धाश्रम सहयोग समितीद्धारा १ लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

बृद्धाश्रम सहयोग समितीले कणार्ली प्रदेशको सुर्खेतमा रहेको प्रशान्ती बृद्धाश्रममा एक लाख अक्षयकोष स्थापना गरी सहयोग गरेको छ।

ज्येष्ठ नागरीक हरुमा रहेको ज्ञान सिप क्षमता युवा पुस्तामा पुऱ्याउने उदेस्यले शुरु भएको बृद्धाश्रम सहयोग समिती र प्रशान्ती बृद्धाश्रम विच सहयोगको वातावरण वनी दुवै समिती विच समन्वय भएको छ।

ज्येष्ठ नागरीक महासंघका केन्द्रिय सदस्य समेत रहेका प्रशान्ती बृद्धाश्रमका अध्यक्ष बालकृष्ण श्रेष्ठले यो बृद्धाश्रमलाइ अव प्रदेशकै अग्रणी संस्थाको रुपमा विकाश गरीने सोच रहेको हुँदा सहयोगी हात हरुको आवस्यकता रहेको कुरा बताउनुभएको छ।



हरेक महिना कुनै न कुनै आश्रममा सहयोग गर्ने निती रहेको बृद्धाश्रम सहयोग समितीले यो महिना कणार्लीको प्रशान्ती बृद्धाश्रम मा एक लाख अक्षयकोष स्थापना गरेको हो। ५० जनाको क्षमता रहेको बृद्धाश्रममा हाल पानीको फिल्टर र सोलार आवस्यक रहेको जानकारी गराउदै सहयोग गर्न इच्छुकले गर्न सक्ने जानकारी गराउनुभयो । बृद्धाश्रम सहयोग समिती अध्यक्ष सम्झना पौडेलले हरेक प्रदेशका आश्रममा हरुमा कम्तीमा पनि एक एक लाखको अक्षयकोष स्थापना गर्ने उदेस्य अनुरुप यस आश्रममा सहयोग गरेको बताउनुभयो। वडा अध्यक्ष र पालिकाले दिएको सहयोगवाट रकम जुटीरहेको उहाँले बताउनुभयो।

# पोखरा स्पोर्ट्स अवार्डलाई सघाउने खेल संघको प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

कास्की जिल्लाका खेल संघ तथा क्लबले सातौं संस्करणको ' पोखरा स्पोर्ट्स अवार्ड २०७९' लाई सघाउने प्रतिवद्धता जनाएका छन् । शनिबार आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरा रंगशालामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी बन्दै उनीहरुले यस्तो प्रतिवद्धता जनाएका हुन्। उनीहरुले राज्यले गर्नुपर्ने काम पत्रकार मञ्चले गरेको भन्दै खुशी व्यक्त गरें । अवार्ड वितरणलाई पारदर्शी बनाउदै यसको उचाई बढाउदै लैजानुपर्नेमा उनीहरुको जोड थियो।

अन्तरक्रिया कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापतिले खेलाडीलाई खेल जीवनबाटै जीवन धान्न सक्ने अवस्था बनाउनुपर्ने बताए। कास्की जिल्ला कबड्डी संघका अध्यक्ष समेत रहेका उनले अवार्ड कार्यक्रमलाई सफल बनाउन प्रतिवद्धता जनाए।

पोखरा महानगर खेलकुद विकास समिति अध्यक्ष दीपक बहादुर गोदारले खेल संघबिच समन्यवको कमी हुँदा अर्कोले फाइदा लिएको गुनासो गरें । अवार्ड कार्यक्रमको आयोजनाले खेल क्षेत्रमा उत्साह थपिएको सुनाए । कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल अवार्ड कार्यक्रम पारदर्शी हुनुपर्ने बताए। के कारणले अवार्ड पाए भन्ने जिज्ञाशा सबैको हुने भएकोले यो जिज्ञाशा मेटिनेगरी प्रतिभा छनोट गर्न सुझाए।

कास्की जिल्ला फेन्सिङ संघका अध्यक्ष विजय शाहीले राज्यले बाँड्ने अवार्ड पुरस्कार फेयर नहुने भएपनि पत्रकारले गर्ने कार्यक्रमले सही प्रतिभा छनोट गर्ने विश्वास व्यक्त गरें । उनले हरेक तीन-तीन महिनामा अन्तरक्रिया कार्यक्रम गरेर खेल गतिविधिको बारेमा मञ्चले जानकारी लिए प्रतिभा छनोट गर्न सहज हुने बताए। कास्की जिल्ला टेबुल टेनिस संघका अध्यक्ष उत्तम जोशीले अवार्ड कार्यक्रमले खेल क्षेत्रमा उत्साह थपेको बताए। गण्डकी प्रदेशको कार्यक्रम हो भन्ने सन्देश जाने भएकोले सबै मिलेर यसलाई सफल बनाउनपर्नेमा उनले जोड दिए। कास्की जिल्ला तेक्वान्दो संघका अध्यक्ष कुमार गुरुङले विगतका अवार्ड कार्यक्रमबाट पाठ सिकेर थप आर्कषक रुपमा कार्यक्रम सम्पन्न गर्नुपर्ने बताए। प्रतिभा छनोट गर्दा फ्रेन्डसिप गेम हो की अफिसियल गेम हो जानकारी लिनुपर्ने सुझाब दिए। साइकलीङ संघ कास्कीका अध्यक्ष शंकर भण्डारीले छनोट समितिमा खेलसंघका व्यक्ति राख्न सुझाए । मञ्चले खेल क्लबलाई समेत समेट्न खोज्नु सकारात्मक भएको उनको भनाई थियो। नेपाल स्ट्रोङगेष्ट क्यौंकुशिन कराते संघका अध्यक्ष कृष्ण बहादुर नेपालीले डाटा संकलन समयमानै हुनुपर्ने बताए । कास्की जिल्ला आर्चरी संघका उपाध्यक्ष बसन्त गौचनले अवार्ड कार्यक्रम सफल पार्नु सबैको दायित्व भएको बताए । राज्यको मात्र मुख ताकेर नहुने भएकोले पत्रकार मञ्चले गरेको कार्यक्रम भव्य बनाउन सबैले साथ दिनुपर्नेमा जोड दिए। कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङले खेलाडीलाई प्रोत्साहन दिने यो कार्यक्रम बृहत भएको बताए । कार्यक्रम भव्य बनाउन खेल संघले साथ दिनुपर्ने उनको भनाई थियो। सहारा क्लब पोखराका सचिव सुनिल रानामगर अवार्ड कार्यक्रममा व्यवसायीहरुलाई पनि जोड्नुपर्ने सुझाए। खेलाडीलाई अगाडि बढ्न यस्ता कार्यक्रमले महत्वपूर्ण भुमिका खेल्ने उनले बताए । नेपाल ट्रायथोलन संघ कास्कीका सचिव वासुदेव सुवेदीले अवार्ड कार्यक्रमलाई सहयोग गर्ने बताए। कास्की जिल्ला ह्यान्डबल संघका सदस्य गोपाल थापाले सरकारले गर्नुपर्ने काम मञ्चले गरेकोमा खुशी व्यक्त गरें। कास्की जिल्ला फुटसल संघका सदस्य उमेश पुनले आफ्नो संघको तर्फबाट साथ रहने बताए।

उनीहरुका जिज्ञासालाई मञ्चका अध्यक्ष दीननाथ बराल, सल्लाहकार विनोद लामिछाने, निवर्तमान अध्यक्ष एकराज गिरी, उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव राजाराम पौडेलले मेटाए । उनीहरुले अघिल्ला संस्करणबाट सिकेको पाठका कारण कमीकमजोरी हुन नदिन मेहनत गर्ने बताए। खेल क्षेत्रमा लाग्नेहरुलाई प्रोत्साहन गर्नको लागि कार्यक्रमको आयोजना गर्दै आएको उनीहरुले प्रष्टाए । हाम्रोले नभई राम्रोले अवार्ड पाउनेमा निश्चिन्त बन्न उनीहरुको आग्रह थियो। खेल संघ र क्लबलाई निरन्तर साथ दिन उनीहरुले अनुरोध समेत गरें।

आगामी बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना हुने सातौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड दिने प्रदान गरिने मञ्चका महासचिव राजाराम पौडेलले जनाए। अवार्ड कार्यक्रमलाई सफल बनाउन गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि.लगायतले सहयोग गर्ने तय भैसकेको छ । यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको महासचिव पौडेलले जानकारी दिए। अवार्ड कार्यक्रम भव्य बनाउन मुल आयोजक समिति र तेह्र वटा विभिन्न उपसमिति गठन गरिएको छ।

# पुल निर्माणको पाँच वर्षपछि उद्घाटन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ बैशाख

म्याग्दीको रघुगुङ्गा गाउँपालिका-१ बेग र बाँदुक गाउँलाई जोड्ने झोलुङ्गे पुलको उद्घाटन गरिएको छ।

दुई गाउँलाई जोड्न अग्ला पहाडको बीचमा बनाइएको तीन सय ६५ दशमलव ८० मिटर लामो झोलुङ्गे पुल निर्माण सम्पन्न भएको पाँच वर्षपछि शुक्रबार उद्घाटन गरिएको हो।

नयाँ वर्षको अवसर पारेर रघुगङ्गा गाउँपालिका-१ बेगले आयोजना गरेको कार्यक्रममा प्रतिनिधिसभा सदस्य खमवीर गर्बुजा, प्रदेशसभा सदस्यद्वय हरिबहादुर भण्डारी, विमला गौचन, प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेल, गाउँपालिका अध्यक्ष भबबहादुर भण्डारी र योजना छनोटमा भूमिका खेल्ने तत्कालीन जिल्ला विकास समितिको कार्यालयका स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेलले संयुक्तरूपमा पुल उद्घाटन गर्नुभएको थियो।

पुल निर्माण सकिएको भए पनि बेग र बाँदुकतर्फ जाने बाटोमा गाउँपालिका र अन्य निकायले पदमार्ग, पर्यटन पार्क र समुदायस्तरबाट चौतारी, विश्रामस्थललगायत पूर्वाधार निर्माण गरिरहेकाले निर्माण सम्पन्न भएको पाँच वर्षपछि उद्घाटन गरिएको वडाध्यक्ष बिलबहादुर फगामीले जानकारी दिनुभयो । बेनी-जोमसोम सडकखण्डकोतिप्ल्याडबाटबाँदुक-बेग हुँदै पर्यटकीयस्थल रुइसे जोड्ने पदमार्ग निर्माण गरी उक्त पदमार्ग धवलागिरि आइसफल पदमार्गमा जोड्ने योजना बनाइएको उहाँले बताउनुभयो।

बेग र बाँदुक गाउँको बीचमा रहेको बेगखोलाको खोचमाथि निर्माण भएको उक्त झोलुङ्गे पुल एक सय ४८ मिटरभन्दा बढी अग्लो छ । तत्कालीन जिल्ला विकास समितिले रू दुई करोड ७९ लाख ९० हजार लागतमा पुल निर्माणका लागि मुक्तिनाथ/श्री गीता जेभीलाई ठेक्का लगाएको थियो।

विसं २०७३ असार ३१ गतेदेखि निर्माण सुरु भएको उक्त पुल २०७४ चैत ३० गते निर्माण सम्पन्न भएको थियो। झोलुङ्गे पुल निर्माण भएपछि बाँदुक र बेगगाउँसम्म आवागमन गर्न लाग्ने करिब तीन घन्टाको यात्रा ३० मिनेटमै छोटिएको छ। दुई गाउँलाई जोड्ने पुल सञ्चालनमा आएपछि भिर र खोलानालाको अप्ठ्यारो बाटोबाट घुमाउरो यात्रा गर्नुपर्ने बाध्यता हटेको स्थानीयको भनाइ छ।

# बौद्ध युवा क्लबले जित्यो सेभेन ए साइड फुटबल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ बैशाख

म्याग्दीको बेनीनगरपालिका-२ बगरफाँटमा आयोजना गरिएको रु एक लाख पुरस्कार राशिको प्रथम सेभेन ए साइड खुल्ला फुटबल बौद्ध युवा क्लब बेनी मङ्गलाघाटले जितेको छ।

नयाँ वर्ष २०८० को अवसर पारेर रिभरसाइड बगरफाँट युवा क्लबले आयोजना गरेको उक्त प्रतियोगिताको शुक्रबार साँझ भएको फाइनल खेलमा रिभरसाइड युवा क्लबलाई चारका विरुद्ध तीन गोलले पराजित गर्दै वौद्ध युवा क्लब विजेता बन्न सफल भएको हो। चैत २८ गतेदेखि चार दिनसम्म सञ्चालन भएको उक्त प्रतियोगितामा म्याग्दी र पर्वतका गरी २२ टिम सहभागि भएका थिए। प्रतियोगितामा प्रथम हुने बौद्ध युवा क्लबले रु एक लाख नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो भने उपविजेता वनेको रिभर साइड युवा क्लबले नगद रु ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पायो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६ श्रवण कुमार दिवा सेवा केन्द्र भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नामः** श्रवण कुमार दिवा सेवा केन्द्र भवन निर्माण
**स्थानः** पोखरा-१६ कास्की
**योजना सम्झौता मिति :** २०७९/०९/२४ गते
**योजना सुरु भएको मिति :** २०७९/०९/२४ गते
**योजना सम्पन्न मितिः** २०८०/०१/३० गते
**योजनाको कुल लागत :** रु. २५००५४०.२७।-
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु.२५,००,०००।-
**उपभोक्ता समिति अध्यक्षः** चित्र व. थापा
**सम्पर्क नं.:** ९८४६०३४३७०९
**उपाध्यक्षः** कमला तिमिल्सिना
**सचिवः** लक्ष्मी तिमिल्सना
**कोषाध्यक्षः** जगन्नाथ तिमिल्सना
**सदस्यः** राम ब. जि.सी., सोवित व. थापा, नारायण व.थापा, कमला तिमिल्सना, बलराम गायक

**श्रवण कुमार दिवा सेवा केन्द्र भवन निर्माण उपभोक्ता समिति पोखरा-१६, कास्की**

# अन्नपूर्ण उपभोक्ता सहकारीको भित्तेपात्रो विमोचन तथा शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

पोखरा-१५ तल्लो नयाँगाउँ स्थित अन्नपूर्ण उपभोक्ता सहकारी संस्था लि. द्धारा तयार पारिएको भित्तेपात्रो-२०८० विमोचन शनिबार गरिएको छ।

कार्यक्रम सहकारी संस्था, टोल विकास संस्था तथा जनजागृति आमा समुहको संयुक्त आयोजनामा संस्थाका अध्यक्ष क्या. नरेश थापा मगरको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रमका प्रमुख अतिथि वडा नं.-१५ का वडा अध्यक्ष तोरण बहादुर बानिया रहनु भएको थियो । नव वर्ष २०८० को भित्तेपात्रो विमोचन प्रमुख अतिथ लगायत संस्थाका पदाधिकारीहरु, आमा समुहका अध्यक्ष एवं पदाधिकारीहरु, सल्लाहकारहरु एवं अन्य महानुभावहरुको उपस्थीमा संयुक्त रुपमा गरिएको थियो । प्रमुख अतिथि तोरण बहादुर बानियाले 'हाम्रो वडा राम्रो वडा' बनाउनको लागि सबै संघ संस्थाहरु, टोल विकास संस्थाहरु, आमा समुह, राजनीतिक दल, भद्र अनुभवी व्यक्तित्वहरुको रोहवरमा आगामी वर्षको लागि योजना तर्जुमा गर्ने अभिव्यक्ति दिनु भएको थियो । नव वर्ष-२०८० को शुभकामना आदानप्रदान गर्ने क्रममा संस्थाका सल्लाहकार भक्तबहादुर खत्री, कानुनी सल्लाहकार अधिवक्ता दयाराम गौतम, आमा समुहकी अध्यक्ष सुकमाया श्रीष, कोषाध्यक्ष डुमाया गुरुङ, टोल विकास संस्थाका उपाध्यक्ष मदन कुमार श्रेष्ठ एवं शेयरधनी सदस्य हुम कुमारी सुनारले शुभकामना मन्तव्य राख्नुभएको थियो ।



कार्यक्रममा स्वागत मन्तव्य संस्थाकी उपाध्यक्ष विम्लादेवी गुरुङले दिनुभएको थियो भने कार्यक्रम सञ्चालन संस्थाकी सचिव जमुना गुरुङले गर्नुभएको थियो ।

# आलु महोत्सव सकिदै

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

हेमजामा जारी ११ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव आइतवार सकिदै छ ।

समापन कार्यक्रमलाई पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले सम्वोधन गर्ने कार्यक्रम छ ।त्यस्तै कृषक सम्मान, कृषि एम्वुलेन्स प्रदर्शनी लगायत विभिन्न पुरस्कार पनि वितरण हुनेछन् । महोत्सव अर्न्तगत शनिवार रत्यौली गीत प्रतियोगिता भएको छ ।त्यस्तै लोकदोहोरीतर्फ प्रिन्स लम्साल, रामजी पौडेल र पारु गुरुङ साथै पपतर्फ अस्मिता अधिकारी, टुकी र डिमोर्चा व्याण्डले प्रस्तुति राखेको छ। त्यस्तै आइतवार कलाकारहरु नविन पौडेल, गगन गुरुङ, परशुराम अधिकारी, वसन्ती थापा र कमला केसीका प्रस्तुतिहरु रहने प्रचारप्रसार उपसमिति संयोजक निराजन अधिकारीले जानकारी दिनुभयो । शनीवार महोत्सवलाई सम्बोधन गर्दै प्रतिनिधि सभा सदस्य दामोदर पौडेल बैरागीले हेमजामा प्रर्याप्त आलु उत्पादन हुनुपर्ने भन्दै खेतीयोग्य जमिन वर्षिनी घट्दै जानु दुखद् भएको औंल्याउनुभयो ।उहाँले शिक्षालाई व्यवहारिक बनाउनुपर्ने स्पष्ट पार्दै आउदाँ वर्षहरुमा आलु महोत्सव गर्नका लागि सरकारी स्तरबाट बजेट व्यवस्था गर्न आफूले पहल गर्ने प्रतिबद्धता पनि जनाउनुभयो ।



महोत्सव अन्त्यतिर आउदाँ कृषि स्टलतर्फ दर्शकको आकर्षण बढेको पाइएको छ ।त्यहाँ आलुका जातका अलवा तरकारीजन्य सामग्री, बोट विरुवा, कृषि औजार, प्राङ्गारिक मल लगायतका कृषि स्टलहरु रहेका छन् ।

कृषि अनुसन्धान निर्देशनालय लुम्लेले दर्शकलाई जानकारी दिने उद्देश्यले विभिन्न ४१ जातमा आलुको प्रदर्शनी पनि गरिरहेको छ ।त्यहाँ उन्मोचन भएका १० जात, परीक्षणमा रहेका ११ जात, खेतवारीमा लगाइराखिएका उन्मोचोन्मुख ६ जात तथा क्षेत्रीय स्तरका हावापानीमा सुहाउदाँ जातको पनि प्रदर्शन गरिएको निर्देशनालयमा प्राविधिक अधिकृत चन्द्राकान्त तिमिल्सीनाले जानकारी दिनुभयो। उहाँले मानिसहरु कृषि पेशाप्रति उदार बन्दै गएको भन्दै खुशी समेत व्यक्त गर्नुभयो । महोत्सव स्थलमा कृषिजन्य सामग्री बेच्दै आउनु भएकी ललिता कृषि फर्मकी प्रोप्राइटर ललिता थापाले आफ्नो स्टलमा राम्रै व्यापार भइरहेको उल्लेख गर्दै महोत्सवलाई आउँदा वर्षहरुमा पनि निरन्तरता दिनुपर्ने बताउनुभयो । महोत्सव अर्न्तगत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन तथा प्रशिक्षण, माटो, बोटविरुवाको परीक्षण तथा रोगको निधान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार लगायतका कार्यक्रम रहेका छन् ।

# पर्यटकीय गतिविधि बढाउन चितवनमा प्याराग्लाइडिङ

रासस
चितवन, २ बैशाख

चितवनमा पर्यटकीय गतिविधि बढाउने उद्देश्यका साथ प्याराग्लाइडिङको व्यावसायिक उडान थालिएको छ । हिमालयन फन्टियर्स प्याराग्लाइडिङ कम्पनी चितवनले नयाँ वर्षको अवसर पारी उडान सुरु गरेको हो ।

जिल्लामा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी प्याराग्लाइडिङ सुरु गरिएको कम्पनीका अध्यक्ष विजयबहादुर घलेले जानकारी दिनुभयो। भरतपुर महानगरपालिका-२९चौकीडाँडाबाट प्याराग्लाइडिङ उडान थालिएको हो। यहाँ जङ्गल सफारीका लागि अत्यधिक पर्यटक आउने गरेका छन् । समुद्री सतहबाट एक हजार दुई सय मिटर अग्लो स्थानबाट उडान गर्न लागिएको हो। यसबारे तीन वर्ष अध्ययन गरिएको थियो । एक सय २० किलोभन्दा कम तौल भएको अवस्थामा मात्र प्याराग्लाइडिङ उडान भर्न सकिने उहाँले जानकारी दिनुभयो।

चितवनको चौकीडाँडाबाट प्याराग्लाइडिङ उडान भरेर देवघाट गाउँपालिका-५ स्थित त्रिशूली नदी किनारमा अवतरण गरिनेछ । कम्पनीका सञ्चालक शालिक दबाडीले पर्यटकका लागि नयाँ गन्तव्यको खोजी गर्ने क्रममा प्याराग्लाइडिङ सुरु गरिएको बताउनुभयो। यस क्षेत्रमा निकट भविष्यमा रोप साइक्लिङ, बन्जीजम्पजस्ता गतिविधि गर्ने योजना रहेको उहाँको भनाइ छ । दबाडीले भन्नुभयो, "चौकीडाडाँमा चौकीडाँडा रिसोर्टसमेत निर्माण गरेर यहाँको पर्यटन प्रवर्द्धनमा काम गर्ने योजना छ ।" कम्पनीले उडानका लागि कविलास डाँडाबाट समेत अनुमति पाएको छ।

प्याराग्लाडिङ उडानका लागि प्रति व्यक्ति रु आठ हजार शुल्क तोकिएकामा हाललाई २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ । दैनिक ४५ जनासम्मलाई उडाउन सकिने दबाडीको भनाइ छ। नेपाल प्याराग्लाइडिङ सङ्घका महासचिव शैलेन्द्र राउतले नागबेली सडक र त्रिशूली नदीमाथिको उडानले पर्यटक आकर्षित हुने बताउनुभयो।

प्याराग्लाइडिङ चालक सञ्जय गौतमले यहाँ उडानका लागि उपयुक्त हावा र स्थान रहेको बताउनुभयो। नारायणगढ-मुग्लिन सडकखण्डको भोर्लेबाट नौ किलोमिटर उत्तर र जुगेडीबाट पाँच किलोमिटर उत्तर हिँडेपछि चौकीडाँडा पुग्न सकिन्छ। भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले जिल्ला आउने पर्यटकका लागि फरक अनुभव लिने गरी भरतपुरमा प्याराग्लाइडिङ सुरु भएको बताउनुभयो । सबै खालका पर्यटक रमाउन सक्ने गरी भरतपुरमा पर्यटन प्रवर्द्धनको काम भइरहेको उहाँको भनाइ छ। सन् २०२४ लाई भरतपुर भ्रमण वर्ष मनाउन गइरहेको उल्लेख गर्दै उहाँले पर्यटकको बसाइ लम्ब्याउने किसिमका गतिविधि गर्न जरुरी रहेको बताउनुभयो।

# नेपालमा प्रचलित सबै सम्वत् हाम्रा सम्पत्ति हुन् : सांसद् थापा

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

नेकपा (एमाले)का पोलिटब्यूरो सदस्य एवं गण्डकी प्रदेशसभा सदस्य लीलाबहादुर थापामगरले नेपालमा प्रचलित सबै सम्वत् देशको सम्पत्ति भएको बताउनुभएको छ।

बागलुङ-पोखरा मगर समाजले शनिबार आयोजना गरेको नयाँ वर्षको शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन कार्यक्रममा बोल्दै प्रदेशसभा सदस्य थापामगरले विक्रम सम्वत् भारतको उज्जैनका राजा विक्रम आदित्यको नामबाट सञ्चालित सम्वत् भएको बताउनुभयो । "यो भारतको एक जना शक्तिशाली राजाको नामबाट सञ्चालित सम्वत् हो", उहाँले भन्नुभयो, "विक्रम सम्वत्लाई राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा मान्न सुरु गरियो, मानियो, ठिकै छ, सबैलाई मानौं ।" "एउटालाई मात्र मान्ने चलन अझै गइसकेको छैन", प्रदेशसभा सदस्य थापामगरले भन्नुभयो, "नेपालमा बुद्ध सम्वत्, शक सम्वत्, हिजरी सम्वत्, किराँत येले सम्वत्, नेपाल सम्वत्लगायतका सम्वत् पनि प्रचलनमा छन् ।" नेपाल सबैको साझा फूलबारी भएको भन्दै उहाँले नेपालमा विभिन्न समुदायका आ-आफ्नै सम्वत् प्रचलनमा रहेको बताउनुभयो । सांसद् थापामगरले यो, ऊ पार्टी नभनेर मगर समुदायको सवालमा सबैलाई एकजुट बनाउन आवश्यक रहेको बताउनुभयो।

नेपाल मगर संघका केन्द्रीय सहकोषाध्यक्ष पूर्णबहादुर रानामगरले मगर समुदायको सवाल र मुद्दालाई मगर समुदायका सांसद्हरूले कानून निर्माणका बेला विशेष ध्यान दिनुपर्ने बताउनुभयो। नेपाल मगर संघ, गण्डकी प्रदेशकी अध्यक्ष तारामाया थापामगरले अब मगर समुदायको बाहुल्य रहेका हरेक स्थानीय तहमा मगर भाषामा पठनपाठन र सरकारी कामकाजका लागि मगर संघले विशेष अभियान सुरुवात गर्ने घोषणा गर्नुभयो। नेपाल मगर पत्रकार संघका केन्द्रीय उपाध्यक्ष एमबी आस्था मगरले राजनीति, प्रशासन, न्यायालय सबैतिर मगर समुदायको पहुँच र प्रतिनिधित्व बढाउन मगर संघसंस्थाले भूमिका खेल्नुपर्ने बेला आएको बताउनुभयो । बागलुङ-पोखरा मगर समाजका अध्यक्ष गजेन्द्र थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल मगर संघ, कास्कीका जिल्ला सदस्य रामबहादुर पुनमगर, समाजका सल्लाहकार क्या. मीनबहादुर पुनमगर, ढकबहादुर पुनमगर, समाजका सचिव रूद्रबहादुर श्रीसमगर, कोषाध्यक्ष कृष्ण पुनमगरले पनि बोल्नुभएको थियो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्यमा निर्वाचित लीलाबहादुर थापामगर र नेपाल मगर संघ, गण्डकी प्रदेशको अध्यक्षमा निर्वाचित तारामाया थापामगरलाई बधाईसहित सम्मान समेत गरिएको थियो।

# सम्झौताको म्याद सकिँदै, निर्माण प्रक्रिया अघि बढेन

पोखरापत्र संवाददाता
मनाङ, २ बैशाख

हिमाली जिल्ला मनाङमा वर्षायाममा वर्षात् र हिउँदमा हिमपातका कारण विकास निर्माणका काममा बाधा पुग्ने गरेको छ। वर्षमा करिब पाँच-छ महिना मात्र काम गर्न मौसम अनुकूल रहन्छ । जिल्लामा विकासका योजना धेरै छन् । केही निर्माणका क्रममा छन् भने केही सम्झौता सकिने बेलासम्म प्रक्रियामा नै पुगेका छैनन।

मनाङका विभिन्न नदी खोला नदीमाथि बन्न लागेका पुलका लागि बजेट आए पनि काम हुनसकेको छैन । मर्स्याङ्दी नदीमाथिको पुल, दूधखोलालगायत नदी खोलामाथि पुल निर्माण गर्न बजेट विनियोजन भए पनि कामले गति लिन नसकेको पूर्वाधार विकास कार्यालयका प्रमुख जय विष्टले जानकारी दिनुभयो । ठेकेदार कम्पनीको लापरवाहीका कारण काम अगाडि बढ्न नसकेको हो।

"चालु आर्थिक वर्षमा जिल्लामा पाँच पुल निर्माण गर्न बजेट विनियोजन भएको छ, दुई पुलको काम सकिएको छ, अन्यको प्रक्रिया नै अगाडि बढेको छैन", विष्टले भन्नुभयो, "एउटा पुल निर्माण सम्पन्न भए पनि बाढीपहिराका कारण भत्किएको छ, त्यसलाई पुनःनिर्माण गर्नुपर्ने छ।" निर्माणमा संलग्न कम्पनीका प्रतिनिधिलाई प्रमुख जिल्ला अधिकारीमार्फत ताकेता गर्ने काम भइरहेको उहाँले बताउनुभयो । मनाङमा बन्ने सबै पुल निर्माणका लागि प्रतिपुल रु दुई करोडका दरले बजेट विनियोजन भएको छ। सबै पुलको सम्झौता असार मसान्तमा सकिन्छ, तर काम भने अगाडि बढ्न सकेको टैन।

चिसो बढ्दै गएपछि हिमाली जिल्ला मनाङमा विकास निर्माणका कार्य पूर्णरूपमा रोकिन्छन् । गत वर्ष निरन्तरको वर्षाले क्षति पुऱ्याएको भौतिक संरचना निर्माणकार्यका काम थपिएको छ । विशेषगरी माथिल्लो मनाङको सडक, पुल, हाइड्रोलगायतको विकास निर्माणका कार्यमा समस्या हुन्छ।

यतिबेला मनाङमा मौसम अनुकूल रहेको छ । यसले गर्दा कामले गति लिनुपर्ने हो । तर त्यस्तो हुन नसकेको प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुङ्गेल खनालले बताउनुभयो । "केही निर्माणका कार्य भइरहेका छन्, पुलको काम अगाडि बढाउन ठेकेदारलाई सम्पर्क गर्ने काम भइरहेको छ", उहाँले भन्नुभयो।

हिउँदमा हिमपातका कारण सदरमुकाम चामे, नासों गाउँपालिका क्षेत्रमा केही कार्य निर्माण गर्न सकिन्छ। तर ङिस्याङ र नार्पाभूमि गाउँपालिकामा विकास निर्माण तथा पूर्वाधार निर्माणकार्य पूर्णरूपमा रोकिने गर्दछ । हिउँदमा जिल्लाको चामे, नासों, नार्पाभूमि र ङिस्याङ गाउँपालिकामा विकास निर्माणको काम गर्न सकिँदैन । मनाङको मेरुदण्डको रूपमा रहेको चामे-बैंसीसहर सडकखण्डको निर्माण पनि मौसम अनुकूल भएपछि निर्माणको काम भइरहेको छ। प्रायःजसो मनाङको विकास निर्माणको काम तीनदेखि पाँच महिनासम्म गर्न सकिन्छ । उक्त सडकखण्डको निर्माणका लागि बहुवर्षीय योजनाअन्तर्गत वार्षिकरूपमा बजेट विनियोजन हुँदै आएको छ। मनाङको सहज यातायातका लागि सरकारले विशेषरूपमा सडक निर्माण तथा विकास निर्माणका लागि बजेट विनियोजन गर्दै आएको छ । मनाङको तिमाङमा रु २२ करोडको लागतमा सडक ढलान गरिएको छ । सडकखण्डअन्तर्गतको जोखिम क्षेत्रको मर्मतसम्भारका लागि रु छ-छ करोडमा नाना कन्सल्टेन्सीले ठेक्का लिएको डुम्रे-बैंसीसहर-चामे सडक योजना कार्यालयले जनाएको छ । डुम्रे-बैंसीसहर-चामे सडकखण्डको पक्की र दीर्घकालीन बनाउन पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङको पहलमा सङ्घ सरकारले कुल रु ६० करोड विनियोजन भएको छ । आगामी पाँच वर्षको अवधिमा डुम्रे-बैंसीसहर-चामे सडकखण्डलाई चौडा, कालोपत्र, पक्की नालासहित सुरक्षित बनाउने योजनासहित बजेट विनियोजन भएको डुम्रे-बैंसीसहर-चामे सडक योजना रहेको कार्यालयले जनाएको छ।


## हर्पन खोला पुल (लम्बाईः ७४.१५ मिटर) निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/०१/०३)

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिकामा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय,पोखराद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, पोखरा, कास्की, गण्डकी प्रदेश<br>ईमेलः lidpo.gandaki@gmaill.com<br>फोनः ०६१-५९०२९२ |
| प्रस्तावको व्यहोरा | हर्पन खोला पुल (लम्बाईः ७४.१५ मिटर) को निर्माण कार्य |
| प्रभाव पर्न सक्ने | पोखरा महानगरपालिकाको वडा न २३ र २४ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा गा.पा तथा त्यस क्षेत्रका विद्यालय अस्पताल स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, पोखरा महानगरपालिका, कास्की, गण्डकी प्रदेश<br>ईमेलः lidpo.gandaki@gmail.com<br>फोनः ०६१-५९०२९२ |
| परामर्शदाताको नाम र ठेगाना | आर. आइ. डी . इन्जीनियरिङ कन्सल्टेन्सी प्रा.लि.<br>शंखमुल , काठमाडौं<br>ईमेलः rideco2068@gmail.com<br>फोन नं.९८५१२२६८४४ |